नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(.........................................शाखा)

प.सं.: ०८१/८२
च.नं.: ६८

बेसीशहर न. पा., लमजुङ
दर्ता नं.: २४१
मिति: २०८१/०५/१६

मिति २०८१।०४।३१

श्री सम्बन्धित सबै ।

विषय: रोजगारमूलक सिप विकास कार्यक्रमका लागि माग पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरुदेखि १६ देखि ४० वर्षका युवाहरुलाई लक्षित गरी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । नेपाली युवाको समग्र विकासका लागि राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनामा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरुमध्ये रोजगारी, उद्यमशिलता र सिप विकासमा जोड दिदैं नेपाली युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउँदै सबल अर्थतन्त्रको विकासका माध्यमबाट समृद्ध नेपाल निर्माणमा युवालाई सहभागि गराउन यस परिषद्को आ. व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत विभिन्न विषय क्षेत्रमा युवाहरुका लागि रोजगारमूलक सिप विकास कार्यक्रम संचालन गरिने भएकाले मागमा आधारित तालिम संचालन गर्ने प्रयोजनार्थ तपसिल बमोजिम योग्यता पुगेका इच्छुक युवाहरुले मिति २०८१।०५।३० गतेभित्र यस परिषदमा वा दिइएको गुगल फर्मको लिङ्क क्लिक गरी आफ्नो आवश्यक्ता र रुची अनुसारको विषयमा माग पेश गर्नुहन अनुरोध छ ।

कर्णबहादुर कवर
उपसचिव

फारामको लागि
QR scan गर्नुहोला।

तपसील :

१) नेपाली नागरिक हुनुपर्ने ।

२) १६ देखि ४० वर्षका युवाहरु हुनुपर्ने तर रिटर्नीलाई उमेर हद नलाग्ने ।

३) कम्तिमा कक्षा ८ उत्तीर्ण हुनुपर्ने तर तालिमको प्रकृति अनुसार विद्यमान व्यवस्था बमोजिम सिलाई, बुनाई, केश कर्तन, शिशु स्याहार, घर निर्माण, काठ, बाँस तथा धातुमा आधारित सामाग्रीको निर्माण, प्रशोधन तथा प्याकेजिङ्ग लगायतका बिषयमा साधारण लेखपढ गर्नसक्ने व्यक्ती ।

४) तालिममा सहभागी हुने युवाहरु उद्यम सुरुवात गर्न तयारी अवस्थामा रहेको हुनुपर्ने ।